मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १४५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत ३१ गते मंगलवार (Tuesday, April 13. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

1) One Dream- One Theme Corruption Free Society Our Common Responsibility.

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग




कोरोना भाइरस

# विद्यालयबाट समुदायमा 'फैलिन सक्ने'

**झापा, चैत ३०।** जनस्वास्थ्यविद्हरूले नेपालमा कोरोनाभाइरसको नयाँ भेरिएन्टबाट बालबालिका पनि प्रभावित हुन थालेकाले सङ्क्रमण विद्यालयबाट समुदायसम्म पुग्न सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

तर, शिक्षा मन्त्रालयले सरोकारवालासँग सोमवार गरेको बैठकमा शिक्षक, अभिभावक र निजी बिद्यालयकका सङ्गठनहरूले विद्यालय पूर्ण रूपमा बन्द गर्न नहुने धारणा राखेको बताइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विद्यालय बन्द गर्न सिफारिस गरेपछि कोभिड नियन्त्रण सम्बन्धी उच्च निकाय सीसीएमसीले पनि ७७ वटै जिल्लामा विद्यालय बन्द गर्न सुझाव दिएको थियो । गतवर्ष कोरोनाभाइरस महामारी शुरु भएपछि नेपालमा शैक्षिक संस्थाहरू बन्द गरिएको थियो । अहिले नेपाल कोरोनाभाइरस महामारीको दोस्रो लहरको संघारमा पुग्न लागेको चेतावनी विज्ञहरूले दिएका छन् ।

**छलफलमा कस्तो सुझाव ?**

शिक्षा मन्त्रालयले बालबालिकामा सङ्क्रमण बढेको पछिल्लो अवस्थामा विद्यालयहरूले के गर्दा ठीक हुन्छ भनेर सुझावका लागि सोमवार निजी विद्यालय सङ्गठन प्याब्सन, एनप्याब्सन, अभिभावक सङ्घ र स्थानीय तहका प्रतिनिधिलाई बोलाएको थियो ।

छलफलमा सहभागी सबैजसोले अहिले विद्यालय बन्द गर्नुपर्ने अवस्था नभएको सुझाव दिएको शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माले बताए । विद्यालय बन्द गर्ने

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोनाले दमकमा बृद्धको मृत्यु

**दमक, चैत ३०।** कोरोना संक्रमणका कारण झापामा एक वृद्धको मृत्यु भएको छ ।

मृत्यु हुनेमा दमक निवासी ९२ वर्षीय वृद्ध रहेका छन् । विराटनगरको कोशी अस्पताल कोभिड- १९ उपचार केन्द्रमा उनको मृत्यु भएको हो ।

गत चैत २५ गते कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा भर्ना गरिएकी उनको सोमवार उपचारका क्रममा मृत्यु भएको अस्पतालले जनाएको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# कचनकवलमा इँटा उद्योगीको मनपरी

**माछापोखरीको नाममा जथाभावी माटो उत्खनन्, उत्खनन् गर्ने कार्यविधि नै छैन गाउँपालिकामा**

**पार्थ मण्डल**

**झापा, चैत ३०।** धान सुपर जोन क्षेत्र दक्षिणी झापाको कचनकवल गाउँपालिकामा सञ्चालित इँटा उद्योगहरूले खेतीयोग्य तथा खोला क्षेत्र नै मास्ने गरी माटो खन्दै दोहन गरिरहेको पाइएको छ ।

कचनकवल गाउँपालिका-६स्थित चण्डी इँटा उद्योगले खेतीयोग्य जमिन खरिद गर्दै जथाभावी माटो खन्दै गरेको घटना बाहिरिएसँगै गाउँपालिकाभित्र सञ्चालित इँटा उद्योगहरूको पूर्वाञ्चलकर्मीले स्थलगत अवलोकन गर्दा यस्तो देखिएको हो ।

इँटा उद्योगीहरूले खेतीयोग्य जमिन र खोला मास्दा समेत कचनकवल गाउँपालिका मौन देखिएको छ । गाउँपालिकाभित्र र पालिका बाहिर सञ्चालित इँटा उद्योगीहरूले दिनहुँ लापरबाही पूर्ण तरिकाले जेसीभी प्रयोग गरी जमिन खनेर टिपरमा हालेर माटो लैजाँदा समेत स्थानीय जनप्रतिनिधि रमिते बनेको स्थानीय किसानले आरोप लगाएका छन् ।

कचनकवल वडा नम्बर ५, ६ र ७मा ६ वटा चिम्नीबाट पाँचवटा इँटा उद्योग सञ्चालित छन् । नुर आलमको ज्योति इँटा उद्योग, अजिम आलम र सैफुद्दिन हकको एसविआइ इँटा उद्योग, नुर आलमकै प्रेम इँटा उद्योग, विष्णु घिमिरेको चण्डी इँटा उद्योग र रहिम आलमको स्टार इँटा उद्योग सञ्चालनमा छन् ।

इँटा बनाउन चाहिने मुख्य कच्चा पदार्थ भनेकै माटो हो, ती उद्योगहरूले त्यही आसपासका खेतीयोग्य जमिन, खोला तथा खोला आसपासका क्षेत्र खनेर



**समाचार फलोअप**

माटो प्रयोग गर्दै आइरहेको छ ।

गाउँपालिकामा सञ्चालित इँटा उद्योगले कहाँबाट कसरी माटो खनिरहेको छ यसको कुनै लेखाजोखा नरहेको स्थानीय कनक राजवंशीले बताए । 'गाउँपालिकाले यसलाई रोकथाम गर्नुपर्ने हो'- उनले भने- 'किसानको कुरा जनप्रतिनिधिले नसुन्दा माटो दोहन नरोकिएको हो, यसको परिणाम बर्खाको बेला अवश्य यहाँका जनताले भोग्नुपर्नेछ ।'

**नियमविपरीत माटो खन्दै इँटा उद्योगी**

खोलासँगै रहेको ऐलानी जमिन समेत इँटा उद्योगीले नछाडेको किसानहरूले आरोप लगाएका छन् । वडा नम्बर-६ र ७को सीमामा पर्ने वडझोडा पैनी अहिले खोलामा परिणत भएको छ । पैनी नजिकै सञ्चालित चण्डी इँटा उद्योगले स्थानीय किसान भक्तबहादुर कटुवालको निजी जमिन र पैनीको माटो निकालेर निजी जमिन पुर्नुका साथै उद्योगमा समेत प्रयोग गरिरहेको छ । चण्डी उद्योगलाई मैले नै जमिन बिक्री गरेको हो- किसान कटुवालले भने- 'अहिले उद्योगले शक्तिको दुरुपयोग गरेर नियम विपरीत मेरो जमिन र खोला खन्दैछ, उद्योगीलाई जमिन बिक्री गर्नु नै मेरो ठूलो गल्ती भयो, सुनवाइ कहीँबाट हुँदैन ।' 'जथाभावी खेतीयोग्य जमिन खन्दा सय मन धान फल्नेमा अहिले २५ मन पनि उत्पादन हुँदैन'- उनले गुनासो पोखे ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# सय विपन्न परिवारको स्वास्थ्य बिमा गर्दै बीएण्डसी



**झापा, चैत ३०।** झापाको बिर्तामोडमा रहेको बीएण्डसी अस्पतालले एक सय विपन्न परिवारको नि:शुल्क स्वास्थ्य विमा गर्ने भएको छ ।

अस्पतालमा सोमवार आयोजित पत्रकार सम्मेलनमा अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईले झापाका विभिन्न ठाउँका एक सय परिवारको स्वास्थ्य बिमा गर्ने घोषणा गरेका थिए । उनले अस्पतालको सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्य विमा गर्न लागिएको बताए । अस्पतालका कार्यकारी निर्देशक प्रसाईंले बिपन्न तथा पछि परेका समुदायका नागरिकलाई प्राथमिकतामा राखेर बीमा गरिने जानकारी दिए ।

'जुन समुदाय राज्यको पहुँचभन्दा बाहिर छ, त्यो समुदायलाई विशेष प्राथमिकतामा राखिनेछ'- निर्देशक प्रसाईंले भने- 'सन्थाल, मेचे, मुसहर, उराऊलगायत पछाडि परेका र विपन्न परिवारलाई अस्पतालले नि:शुल्क बीमा गरिदिन्छ । प्रत्येक परिवारका लागि तीन हजार ५ सय रुपैयाँ खर्च गरेर बीमा गरिने अस्पतालले जनाएको छ ।

सरकारले ल्याएको स्वास्थ्य बीमा कार्यक्रममार्फत पैसावालाले फाइदा लिइरहेकाले विपन्नवर्गका नागरिकको स्वास्थ्य बीमा गरिन लागेको प्रसाईंको भनाइ छ । अस्पतालको सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत बीमा गरिने अस्पतालका जनसम्पर्क अधिकारी प्रमिश गिरीले बताए ।

यसैबीच सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत अस्पतालले करिब अढाइ करोड रुपैयाँको लागतमा बिर्तामोड-२ को मोहनमाया माविको भवन निर्माण सम्पन्न गरेको गिरीले जानकारी दिए । त्यस्तै, अर्जुनधारा-६को लक्ष्मीपुर मावि र अर्जुनधारास्थित खुदुनाबारीको जनता माविको भवन निर्माण पनि अस्पतालले गरिदिने जनाएको छ ।

# करेन्ट लाग्दा र जल्दा मृत्यु

**मोरङ, चैत ३०।** मोरङ सुन्दरहरैचा-७ गोठगाउँका २६ बर्षीय बिनोद घिमिरेको करेन्ट लागेर मृत्यु भएको छ ।

आइतबार बेलुका छिमेकीको घरमा बिजुलीको वायरिङ गर्ने क्रममा करेन्ट लागि घाइते भएका उनको नोवेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको इलाका

*(बाँकी अन्तिम पृष्ठमा)*

**सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना**

**डा. जितेन्द्र मण्डल**
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही **मिति २०७८ साल बैशाख ३ र ४ गते** पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ । दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र तलको ठेगानामा सम्पर्क राख्नुहोला । नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

सम्पर्कः **सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)**

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

**मोबाइल ! मोबाइल !! मोबाइल !!!**

**हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट** SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि** साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड
**सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१**




# खुकुरीको माग घट्यो, व्यवसायी पलायन हुने अवस्थामा

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, चैत ३०।** अधिकांश विदेशी ग्राहकको रोजाइमा परेको नेपाली खुकुरीको व्यापार पछिल्लो समय खस्किँदै गएको छ ।

कोरोना भाइरस संक्रमणका कारण एक वर्षअघिदेखि थला परेको खुकुरीको व्यापार अझै लयमा फर्कन सकेको छैन् । जसका कारण अहिले पनि लाखौं रुपैयाँका खुकुरी व्यवसायीका गोदाम र पसलमा थन्किएका छन् । खुकुरीको माग घट्दै गएपछि खुकुरी उद्योगीदेखि बिक्रेता समेत विस्थापित हुने अवस्था आइसकेको झापा मेचीनगरका खुकुरी व्यापारीहरुको भनाइ छ ।

झापाको मेचीनगर-६स्थित काँकरभिट्टा बजारमा झण्डै दुई दशक अघिदेखि खुकुरी विक्री गर्दै आएका न्यू संगीता जनरल स्टोर्स घिमिरे खुकुरी पसलका सञ्चालक दीपक घिमिरे कोभिड-१९का कारण खुकुरी व्यापार नराम्ररी प्रभावित बनेको बताउँछन् । उनका अनुसार एकवर्ष अघिसम्म जसरी बजारमा खुकुरीको माग थियो अहिले त्यो शून्य झैं छ । अहिले पनि पसलमा १२ लाख रुपैयाँभन्दा बढीका खुकुरी थन्किएको उनले बताए । बजारमा खुकुरीको माग घट्दो क्रममा रहेपछि अहिले उद्योगबाट खुकुरी माग गर्न नसकेको उनको भनाइ छ । एउटा खुकुरीको मूल्य ५ सय रुपैयाँदेखि सुनको दाब भएका वा सुनको जलप लगाएका खुकुरी निक्कै महंगा हुने व्यवसायी घिमिरेको भनाइ छ ।

घिमिरेको पसलमा भोजपुरे, सिरुपाते, चैनपुरे, खुकुरीहरु ग्यारेन्टीका साथ खुद्रा तथा होलसेल मूल्यमा विक्री हुने गरेको थियो । सुनसरीको धरान नेपालमै सबैभन्दा बढी खुकुरी उत्पादन हुने ठाउँ हो । यतिखेर धरानमा समेत खुकुरीको माग घट्दै गएपछि खुकुरी उद्योगहरु विस्थापित हुने अवस्था आइसकेको उद्योगीहरुले बताएका छन् । योसँगै भोजपुर, धनकुटा, चैनपुर, पाँचथर, तेह्रथुमसहित झापा र मोरङ जिल्लाका केही केही ठाउँमा खुकुरी उत्पादन हुने घिमिरेको भनाइ छ ।

नेपालमा उत्पादन भएका विभिन्न जातका खुकुरी हङकङ, अमेरिका, बेलायत, सिंगापुर, रसिया, चीनमा समेत खपत हुने गरे तापनि पछिल्लो समय कोरोना भाइरसका कारण गरिएको लकडाउन र सीमा नाकामा आवतजावतमा कडाइ भएका कारण खुकुरीको माग ह्वात्तै घटेको उनको भनाइ छ । योसँगै भारतको दार्जीलिङ्ग, खर्साङ्ग, कालेङ्पोङ्ग, मिरिक, सिक्किम, शिलगढीलगायतका स्थानबाट समेत नेपाल घुम्न आउने पर्यटकहरुको रोजाइँमा नेपाली खुकुरी पर्ने गरेको थियो । तर, अहिले त्यस्ता ग्राहकको संख्या झण्डै ७० प्रतिशतभन्दा बढीले कमी आएको छ । नेपालका विभिन्न ठाउँमा सञ्चालनमा रहेका खुकुरी उद्योगहरुबाट विदेशमा ७०देखि ८५ प्रतिशत खुकुरी निर्यात हुने भए पनि अहिले १० देखि १५ प्रतिशत मात्र खुकुरी विक्री हुने गरेको बताइएको छ । खुकुरी बिक्री हुने समय भनेकै दशैं तिहारपछिदेखि जेठ महिनासम्म हो । अहिले खुकुरी विक्रीको सिजन भए पनि यसका व्यवसायीहरु निक्कै फुसर्दिला बनेको बताइएको छ ।



**कोभिड-१९को असर**

भारतीय सेना र पुलिसमा कार्यरत तथा अन्य रोजगारीमा भारतका विभिन्न ठाउँमा पुगेका नेपालीहरु दशैं तिहारलगायत अन्य चाडपर्वका बखत घर फर्कने क्रममा धेरैले खुकुरी किन्ने गरेका थिए । पुनः भारत फर्कने समयमा साथीहरुलाई उपहारको रुपमा दिने प्रचलनले पनि खुकुरी खरिद गर्ने गरेका थिए । विभिन्न विदेशी पर्यटकहरुले समेत गोर्खालीको चिनोको रुपमा, सजावट र साथीहरुलाई उपहारको सामग्रीको रुपमा दिने प्रचलनले नै खुकुरीको माग धेरै रहेको थियो । कोभिड-१९का कारण पछिल्लो समयमा विदेशी पर्यटकको आगमनमा शून्य रहेकाले खुकुरीको व्यापार समेत कम हुँदै गएको व्यवसायीहरुको भनाइ छ ।

## वाणिज्य संघको निर्वाचित पदाधिकारीलाई सम्मान



**बिर्तामोड, चैत ३०।** मेची डिस्ट्रिव्युटर्स एशोसिएशन झापाले बिर्तामोड उद्योग वाणिज्य संघमा निर्वाचित पदाधिकारीलाई सम्मान गरेको छ ।

एशोसिएशनमा आवद्ध केन्द्रीय सदस्य प्रकाश शिवाकोटीसहित सञ्जीव घिमिरे र बलराम सिटौला रामलाई सम्मान गरिएको हो । बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कुमार भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रमकाबीच उनीहरुलाई सफल कार्यकालको शुभकामनासहित सम्मान गरिएको थियो ।

एशोसिएशनले आफ्नो १९औं बार्षिक साधारणसभाको अवसरमा उनीहरुलाई सम्मान गरेको हो । कार्यक्रम एशोसिएशनका अध्यक्ष राजेन्द्रकुमार थापाको अध्यक्षतामा भएको थियो ।

## कचनकवलमा ...

उद्योगी घिमिरेले खोला नियम विपरीत खनेपछि त्यहाँका किसानले गाउँपालिकामा मौखिक जानकारी समेत गराएका थिए ।

किसानले जानकारी गराएपछि गाउँपालिकाकी उपाध्यक्ष निमसरी राजवंशीसहितको टोली घटनास्थल पुगेर खोलाको अवलोकन गरेको थियो । अवलोकनको क्रममा खोला मासेको पाइएपछि त्यसलाई ढाकछोप गर्न उद्योगी घिमिरेले अहिले जेसीभी प्रयोग गरेर धमाधम खोला मिलाउने काम गरिरहेको रिपोर्टिङको क्रममा भेटियो । खोला नजिकै यसअघि उद्योगीले निजी जमिन खनेर पोखरी नै बनाइसकेका छन् ।

यता सरकारी पैनीबाट माटो काटेको विषयमा तत्काल इँटा उद्योगी घिमिरेलाई बोलाएर सचेत गराइएको उपाध्यक्ष राजवंशीले बताइन् ।

**खोला क्षेत्र नै मासियो**

वडा नम्बर-७ स्थित गाउँपालिकाको भवन निर्माणस्थल नजिकैबाट बग्ने वडझोडा खोला समेत इँटा उद्योगीहरूले मासेका छन् । बर्खाको बेला डुबान हुने त्यस खोला आसपासका क्षेत्रको माटो ज्योति इँटा उद्योगले अवैध रुपमा उत्खनन् गरेको स्थानीयले आरोप लगाएका छन् । उद्योगले खोला नजिकै जथाभावी जेसीभी प्रयोग गरेर उत्खनन् गर्दा खोलाको स्वरूप नै परिवर्तन भएको छ ।

त्यस खोला आसपासमा उद्योगीकै निजी जमिन रहेको छ । जमिनसँगै खोला बग्छ । तर, अहिले खोलाको गहिराइ र जमिनको गहिराइ एउटै भएको छ । जनप्रतिनिधिकै आडमा उद्योगीहरूले जथाभावी खोला मासिरहेको स्थानीयले बताएका छन् । इँटा उद्योगको दादागिरीका कारण केही गर्न नसकिएको वडा नम्बर ७का वडाध्यक्ष भरतकुमार राजवंशी बताउँछन् । गाउँपालिकामा पटक-पटक जानकारी गराउँदा पनि त्यहाँबाटै असहयोग भएका कारण उद्योगीले जथाभाबी माटो दोहन गरिरहेको उनले बताए ।

**माछा पोखरीको नाममा जथाभाबी माटो उत्खनन्**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाले गत आर्थिक वर्ष २०७६/०७७देखि कचनकवल गाउँपालिकामा प्रधानमन्त्री आधुनिकीकरण परियोजना, मत्स्य उत्पादन ब्लक कार्यक्रम शुरु गरेको छ । प्रदेश सरकार अन्तर्गत रहेको केन्द्रले गत आर्थिक वर्षमा मत्स्य उत्पादन ब्लक कार्यक्रमका लागि ९० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । तर, कोरोना भाइरस सङ्क्रमणका कारण ३० लाख बजेट मात्र खर्च भएको केन्द्रकी नायव प्राविधिक सहायक केदारकुमारी अधिकारी (कल्पना)ले जानकारी दिइन् । ब्लक कार्यक्रममा त्यहाँका १३ जना किसानले केन्द्रबाट अनुदान लिएको उनले बताइन् । त्यसबाहेक निजी लगानीमा माछा पोखरी खनेर मत्स्य पालन गर्नेको विवरण केन्द्रमा नभएको उनको भनाइ छ ।

मत्स्य उत्पादन ब्लकमा सहभागी हुने किसानले पोखरी खन्दा १ मिटरदेखि साढे दुई मिटर ९३ फिटदेखि ८ फिट सम्म० खन्नुपर्छ । तर, गाउँपालिकामा माछा पोखरीको नाममा खनिएका जमिन ८ फिटभन्दा मुनि (गहिराई) सम्म खनिएको पाइएको छ । त्यहाँबाट निस्किएको सबै माटो इँटा उद्योगीलाई बेच्ने गरेको पाइएको छ । पोखरी खनिएका स्थान डुबान क्षेत्र पनि पर्छ । तर, त्यसको रोकथाममा गाउँपालिकाले कुनै मापदण्ड अपनाएको छैन । माटो कारोबारीले उद्योगीलाई टिपरको १८ सयदेखि २५ सयसम्ममा माटो बिक्री गर्ने गरेको स्थानीय बताउँछन् ।

**उत्खनन् गर्ने कार्यविधि नै छैन गाउँपालिकामा**

कृषि उत्पादन क्षेत्र भएकोले त्यसको संरक्षण तथा प्रवर्द्धन गर्ने प्रमुख दायित्व स्थानीय सरकारको हो । जथाभाबी खेती योग्य जमिन र खोला दहन गरेर माटो उत्खनन् गर्दै आए पनि त्यसलाई रोक्न गाउँपालिकाले कुनै कार्यविधि बनाएको छैन । निजी जमिनको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि स्थानीय तहले नै बनाउनुपर्ने हो । माटोको सहज आपूर्ति गर्ने, सतह नमिलेको खेतीयोग्य जमिनको सतह मिलाउने, माछा पोखरी निर्माण गर्दा बढी भएको माटो बिक्री वितरण गर्ने लगायतका कार्यहरुलाई व्यवस्थित र नियमित गर्नका लागि कार्यविधि तयार पारी कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १ नम्बर प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ अनुसार उत्खनन् र ओसारपसार कार्यविधि बनाउनुपर्ने हो ।

तर, त्यस्तो कुनै कार्यविधि गाउँपालिकामा नहुँदा इँटा उद्योगीले मनपरी माटो उत्खनन् गरी प्रयोग गर्नुका साथै माटो कारोबारीले पनि गाउँपालिकालाई कुनै राजश्व नतिरेर त्यहाँको माटो अन्य पालिकाहरूमा बेचिरहेका छन् । यता गाउँपालिकाकी उपाध्यक्ष राजवंशीले उत्खनन् कार्यविधि पालिकाले नबनाएको बताइन् । उनले भने- 'उत्खनन् कार्यविधि गाउँपालिकाले बनाउनुभन्दा घरेलु तथा साना उद्योग कार्यालयले हेर्ने हो ।'

**गाउँपालिकाले देखाएनन् चासो**

चण्डी इँटा उद्योगीले जथाभावी खेतीयोग्य जमिन खन्न थालेपछि त्यहाँका किसान विरोधमा उत्रिएका छन् । किसानहरूले न्यायका लागि कचनकवल गाउँपालिकालाई लिखित निवेदन दिएका छन् । किसान कार्तिक राजवंशी, भर्दिया राजवंशी, यादवप्रसाद दाहाल, अमृतलाल राजवंशीले चैत ४ गते गाउँपालिकाको न्यायिक समितिलाई न्याय दिलाई पाउँ भनी निवेदन दिएका हुन् ।

तर, गाउँपालिकामा दिएको निवेदनको हालसम्म सुनवाइ नभएको उनीहरू बताउँछन् । न्यायिक समिति संयोजक तथा गाउँपालिकाकी उपाध्यक्ष राजवंशीले त्यस विषयमा छलफल गरी टुङ्गो लगाउन नसकेपछि गाउँपालिकाका अध्यक्ष अञ्जार आलम समक्ष घटना पुगेको हो । तर, अध्यक्ष आलमले त्यस विषयमा खासै चासो देखाएका छैनन् । उनले कार्यपालिका बैठकमा यस विषयमा छलफल गर्ने भनी किसानलाई आश्वासन दिँदै आएको निवेदक भर्दिया राजवंशीले बताए ।

किसानले बुझाएको निवेदन पत्रमा भनिएको छ- गाउँपालिका-६ बस्ने हामी किसानहरूको जमिनको साँध सीमानामा चण्डी इँटा उद्योगले मनपरी ढङ्गले खेतको माटो खनी मापदण्ड विपरीत लैजाने र मलिलो जमिनलाई रुखो बनाउने कार्य गरेका उद्योगलाई कारबाही गरियोस् ।

## विद्यालयबाट ...

विषयमा अवस्था हेरेर स्थानीय सरकारले नै निर्णय गर्नुपर्छ भन्ने उहाँहरूको सुझाव थियो- उनले भने । सरकारले यसअघि बालबालिकालाई भौतिक रूपमा विद्यालय बोलाएर कक्षा सञ्चालनका लागि भन्दै कार्य सञ्चालन ढाँचा जारी गरेको थियो ।

त्यसमा बिद्यालयहरूले स्वास्थ्य सम्बन्धी सबै मापदण्ड पालना गर्नुपर्ने र कोही सङ्क्रमित देखिए विद्यालय सञ्चालन कसरी गर्ने भन्नेबारे स्थानीय निकायले निर्णय गर्ने उल्लेख छ । त्यही ढाँचा अनुसार गर्ने र आवश्यकता अनुसार त्यसमा केही बुँदा थप्न उहाँहरूले सुझाव दिनुभएको छ । अब हामी अन्तर मन्त्रालय बैठकमा त्यसलाई समावेश गर्छौं- प्रवक्ता शर्माले भने । प्याब्सनका अध्यक्ष टीकाराम पुरीले अन्य सबै भीडभाड हुने गतिविधि गरेर विद्यालयलाई मात्रै सङ्क्रमण फैलाउने क्षेत्र भनेर व्याख्या गरिन नहुने बताएका छन् ।

कतिपयले भने विद्यालयमा विद्यार्थी भर्ना गर्ने समय भएका कारण विद्यालय सञ्चालकहरू विद्यालय बन्द गर्न अनिच्छुक रहेको आशङ्का गरेका छन् । तर त्यो केवल आशङ्का भएको र आफूहरू त्यसको पछि नलाग्ने पुरीले बताए । उनी भन्छन्- विद्यालय नबुझ्ने, शिक्षा नबुझ्ने मानिसहरूले लगाएको आरोपको पछाडि हिँड्नुपर्ने तथ्यसत्य छैन किनभने हामीले सबै क्षेत्र लकडाउन भएर विद्यालय मात्रै खोलौं भनेको होइन ।

**के भन्छन् चिकित्सक ?**

शुक्रराज ट्रपिकल तथा सरुवा रोग नियन्त्रण अस्पतालका प्रमुख कन्सल्टेन्ट चिकित्सक अनुप बास्तोला विद्यालयजस्ता मानिसहरूको भीड हुने ठाउँमा स्वास्थ्य मापदण्ड पूर्ण रूपमा पालना नभए त्यसले सङ्क्रमण फैलाउने जोखिम धेरै रहने बताउँछन् ।

विगत तीन महिनादेखि कोरोनाभाइरस मत्थर भएको छैन, अझै पनि मापदण्डलाई ध्यान दिनुपर्छ भन्दाभन्दै मापदण्ड पालना हुन्छ/हुन्न, अनुगमन कति हुन्छ भन्ने त देख्यौं । भीडभाड भयो भन्दै गर्दा मापदण्ड धेरै ठाउँमा उल्लंघन गरियो- डा. बास्तोला भन्छन् - फलस्वरूप अहिले हामी जोखिमको संघारमा पुगेका छौं, दोस्रो लहरको अग्र अवस्थामा छौं । त्यसैले यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने चुनौति हो ।

**के भन्छन् अभिभावक ?**

बालबालिकामा पनि सङ्क्रमण देखिएपछि अभिभावकहरू बालबालिकाको स्वास्थ्यलाई लिएर चिन्तित बनेको अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारी बताउँछन् ।

बालबालिकालाई घरमा राख्न धेरै कामकाजी अभिभावकलाई कठिन हुने भएकोले विद्यालय खोल्ने वा बन्द गर्ने भन्ने विषयमा अभिभावकहरूको मिश्रित प्रतिक्रिया रहेको उनले बताए ।

हामीले अवस्था हेरेर कक्षा पाँचसम्मका बालबालिकालाई विद्यालय आउन रोक्ने र अन्यको कक्षा विद्यालयमा गर्ने भन्ने सुझाव दिएका छौं- उनले भने- सङ्क्रमण देखियो भने स्थानीय तहले पनि विद्यालय बन्द गर्न सक्ने भइहाल्यो ।

**जेठमा संक्रमणको दर उच्चबिन्दुमा पुग्न सक्ने**

विगत दुई सातायता कोरोनाभाइरस सङ्क्रमित व्यक्तिको संख्या बढ्न थालेपछि विद्यालय उच्च जोखिममा पर्ने भन्दै सरकारले आफ्नो वैकल्पिक कदमबारे समयमै ध्यान पुऱ्याउनुपर्ने सङ्क्रामक रोग विशेषज्ञहरूले यसअघिदेखि नै बताउँदै आएका छन् ।

खासगरी बालबालिका सङ्क्रमित भए उनीहरूले घरमा पाको उमेरका वा दीर्घ रोग भएका अन्य सदस्यलाई सार्न सक्ने भन्दै विज्ञहरूले सचेत गराएका हुन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका चिकित्सक डा. शेरबहादुर पुन भन्छन्- बालबालिकाहरू हजुरआमा हजुरबुवासँग नजिक रहने हाम्रो संस्कारै छ । त्यसकारण बालबालिका सङ्क्रमित भए त्यसले घरका अन्यलाई सङ्क्रमित गर्ने जोखिम अत्यन्तै रहन्छ ।

नेपालमा सङ्क्रमितहरूको सङ्ख्या केही सातायता बढ्न थालेपछि विज्ञहरूले जेठ महिनासम्म सङ्क्रमणको दर उच्चबिन्दुमा पुग्न सक्ने आकलन गरिरहेका छन् । सरकारले १० कक्षाको एसईईलगायत अन्य कक्षाको अन्तिम परीक्षा जेठ महिनामै हुने बताएको छ । *बीबीसी*

## कोरोनाले ...

उपचार केन्द्रका फोकल पर्सन एपोलो भगतका अनुसार चिनी रोगी संक्रमित वृद्धको उपचारका क्रममा राति करिब १२ बजेतिर मृत्यु भएको हो । त्यहाँ उनीसहित उनका अन्य चार जना आफन्त पनि अस्पताल भर्ना भएका थिए । यसअघि दमकमा मात्रै ३६ जना संक्रमितको मृत्यु भइसकेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार दमकमा आइतवार मात्र थप ४ जनामा संक्रमण पुष्टि भएको छ । दमकका थपिएका संक्रमितहरु वडा नं. ८ र ५का हुन् । ती संक्रमित थपिएसँगै जिल्लामा जम्मा संक्रमितको संख्या चार हजार छ सय ४९ पुगेको छ । उपचारपछि डिस्चार्ज हुनेको संख्या चार हजार चार सय ९९ रहेको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

**भारतमा कोभिड-१९ बाट मृत्यु हुनेको संख्या एक लाख ७० हजार नाघ्यो**

भारतमा कोरोना भाइरसको सङ्क्रमणको कारण एकैदिन ९०४ जनाको मृत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुनेको संख्या १ लाख ७० हजार नाघेको छ । कोरोना शुरु भए यता हालसम्म भारतमा एक लाख ७० हजार १७९ जनाको मृत्यु भएको केन्द्रीय सरकारले सोमबार जानकारी दिएको हो ।

गत २४ घण्टामा भारतमा १ लाख ६८ हजार ९ सय १२ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको छ । यो संख्या भारतमा कोरोना भाइरस शुरु भएयता कै सबैभन्दा धेरै भएको सरकारी स्रोतले जनाएको छ ।

पछिल्लो केहीदिनदेखि भारतमा दैनिक एक लाखभन्दा बढी सङ्क्रमित भएका छन् । यो तथ्याङ्कले भारतमा नयाँ सङ्क्रमितहरुको सख्या दैनिक रुपमा बढ्दै गएको देखाएको छ । आइतबार भाइरस सङ्क्रमणको कारण ९०४ जनाको मृत्यु भएको छ । यो बर्ष शुरु भएपछि हालसम्मको तथ्याङ्कलाई हेर्दा यो संख्या सबैभन्दा उच्च हो । भारतका कूल सङ्क्रमितको संख्या १ करोड ३५ लाख २७ हजार ७ सय १७ जना भएको जनाइएको छ । सङ्क्रमित अवस्थामै रहेकाहरुको संख १२ लाख १ हजार भन्दा बढी रहेको छ । यद्यपि एक करोड २१ हजार ५७ हजार भन्दा बढी कोरोना मुक्त भएका छन् । भारतमा गत जनवरी १६ बाट कोरोनाविरुद्ध खोपको शुरुवात भएको थियो । सो समयदेखि हालसम्म १० करोड ४५ लाख २८ हजार ६ सय ६५ व्यक्तिहरु खोप लगाइसकेका छन् ।

## करेन्ट लाग्दा ...

प्रहरी कार्यालय बेलबारीले जनाएको छ ।

त्यस्तै मोरङ लेटाङ-९का ४५ बर्षीय रबीन्द्रकुमार लिम्बूको आफैंले चलाएको मोटरसाइकल दुर्घटना हुँदा मृत्यु भएको छ । लेटाङ-९ पारुहाङ चोकमा मे९प ९५१ नम्बरको आफैं अनियन्त्रित भई दुर्घटना हुँदा गम्भीर घाइते भएका चालक लिम्बूको बिराट अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय लेटाङले जनाएको छ ।

उता तेह्रथुम म्याङ्लुङ नगरपालिका-३ नागदह बस्ने ७२ बर्षीया फूलमाया ढुंगानाको आगोले जलेर मृत्यु भएको छ ।

सोमवार घर नजिकै आफ्नै बारीमा सुकेका झ्यास, झिक्रा डढाउने क्रममा सो आगो नजिकै रहेको बाँसझ्याङमा पुगेको थियो । बाँसझ्याङमा आगो सल्किएको थाहा पाई स्थानीय किशोरप्रसाद सिग्देल र फूलमायाकी जेठीबुहारी आई निभाउने क्रममा सोही बाँसझ्याङमा खोल्सी परेको स्थानमा फूलमायाको शरीरको पूर्णरुपमा कपडा जलेर मृत अबस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ ।


**हार्दिक बधाई तथा शुभकामना**



एकराज गिरी | सुरेन्द्र भण्डारी | केशव भट्टराई | होमप्रकाश अधिकारी | बिनोद पाण्डे

नेपाल पत्रकार महासंघ झापा शाखाको हालै सम्पन्न निर्वाचनबाट मेरा प्यारा भाइहरु **एकराज गिरी** झापा अध्यक्षमा, **सुरेन्द्र भण्डारी** प्रदेश सदस्यमा, **केशव भट्टराई** झापा शाखा उपाध्यक्षमा, **होमप्रकाश अधिकारी र बिनोद पाण्डे** झापा शाखा सदस्यमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरु लगायत सम्पूर्ण निर्वाचित कार्य समितिको कार्यकाल सफल बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**देवीप्रसाद गिरीः** नेपाली कांग्रेस क्षेत्रीय प्रतिनिधि



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



**कमल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा (१ नं. प्रदेश, नेपाल)

**सम्पूर्ण गैरसरकारी संस्थाहरूलाई सार्वजनिक सूचना**

मितिः २०७७।१२।३० गते

यस गाउँपालिकाको आगामी आ.व. ०७८/०७९ को लागि बार्षिक नीति तथा कार्यक्रम तर्जुमा प्रक्रिया शुरु भइसकेको हुँदा यस गाउँपालिकामा कार्य क्षेत्र बनाई कार्य गरिरहेका र साझेदारीमा कार्यक्रम गर्न चाहने इच्छुक गैरसरकारी संस्थाहरु (राष्ट्रिय/अन्तर्राष्ट्रिय, स्थानीय) लाई साझेदारीमा कार्यक्रम गर्न चाहने गै.स.स.ले कार्यक्रमको प्रस्तावसहित आफ्नो वार्षिक कार्यक्रम यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा महिला तथा बालबालिका शाखामा रहेको गै.स.स. डेक्समा पेश गर्नुहुन सबैमा जानकारीका लागि अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत



**वितरक चाहियो**

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी ।

सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००



**डिभिजन वन कार्यालय, झापा**
प्रदेश नं. १ नेपाल
सम्पर्क : ०२३-४५५०५३

- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
- वन क्षेत्रमा मानिसहरु हिँड्ने बाटोको दायाँ-बायाँ तथा घरबारी वरिपरि रहेका पातपतिङ्गर जस्ता सजिलै बल्न सक्ने पदार्थहरुलाई हटाई सफा राखौं ।
- गाउँ, टोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौं र बचाऔं ।
- आगलागी भई हालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं । आफ्नो ज्यानमा खतरा नहुने गरी वन डढेलो निभाऔं ।
- वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानूनी कारबाही गराऔं ।



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय


# संकट बढ्यो, सजगता पनि बढाऔं

**पछिल्लो एक महिनादेखि कोरोनाको संक्रमण बढ्न थालेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले गत डेढ हप्तायता संक्रमण तीव्र दरमा बढ्दै गएको भन्दै स्वास्थ्य मापदण्डको पालनामा लापरवाही गरिरहने हो भने सम्पूर्ण सेवा ठप्प पार्नुको विकल्प नहुने बताएका छन् । गत वर्ष कोरोना त्रासका रुपमा आएको थियो । तर, यो वर्ष 'नयाँ भेरियन्ट' सहितको संक्रमण देखिएकाले झनै सजग हुनुपर्ने मन्त्रालयको भनाइ छ । जनस्वास्थ्यविद्हरुले पनि भारतमा नयाँ स्वरुपको भाइरसको पहिचान भइसकेको र त्यही अनुपातमा संक्रमण तीव्र दरमा विस्तार भइरहेको सन्दर्भमा जोखिम उच्च रहेको भन्दै नेपाल प्रवेशका विन्दुहरुमा उच्च सतर्कता र निगरानी बढाउन सुझाव दिएका छन् ।**

**गएको एक महिनाको अवधिमा भएको संक्रमणको विश्लेषण गर्दा संक्रमण सात गुणाले बढेको मन्त्रालयको तथ्यांकमा उल्लेख गरिएको छ । तर, आम मानिसमा भने कोरोनाको त्रास देखिन छाडेको छ । शंकास्पद व्यक्ति नै परीक्षण गर्न नजाने, मास्क नलगाउने, साबुनपानीले हात नधुने, व्यक्तिगत दूरी कायम नगर्ने जस्ता मापदण्ड विपरीतका व्यवहार देखाइरहेका छन् । त्यसैगरी देशभरि नै जात्रा, मेला, महोत्सव जस्ता अत्यधिक भीडभाड हुने गतिविधिहरु निसंकोच भइरहेका छन् । राजनीतिक दलहरुका गतिविधिले पनि जनस्वास्थ्यका मापदण्डको उल्लंघन गरिरहेका छन् । जोखिम रहँदा-रहँदै पनि सत्तारुढ दल कै भीडभाडपूर्ण गतिविधिहरु भइरहेका छन् । स्वास्थ्य मन्त्रालयले अघिल्लो महिना औसत एक सयको हाराहारीमा विरामी हुने गरेकोमा अहिले तीन सयभन्दा बढी विरामी थपिन थालेका छन् । कोरोनाको सक्रिय संक्रमणको संख्या अघिल्लो महिना नौ सयको हाराहारीमा रहेकोमा पछिल्लो महिना झण्डै तीन गुणाले बढेर दुई हजार सात सय पुगिसकेको छ ।**

**मुलुक एकातिर कोरोना संक्रमणको त्रासदीले ग्रस्त छ भने अर्कातिर वायु प्रदूषणको नयाँ समस्या थपिएको छ । 'घरभरि पाहुना, बाबै थप' उखान चरितार्थ हुने अहिलेको परिस्थितिप्रति आम जनताले गम्भीर हुनैपर्छ । हाम्रा आनीबानीमा सुधार गर्दै खानपानदेखि स्वास्थ्य सुरक्षाका उपायहरुको पालना गर्नैपर्छ । कोरोना वर्तमानको संकट हो भने भविष्यमा अझै थुप्रै विपद्हरुको प्रतिरक्षाका लागि तम्तयार हुनुपर्नेछ । देखिनेभन्दा नदेखिने त्रासले उत्पन्न गर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै सुन्दर, शान्त र निर्विध्न भविष्य निर्माण गर्न आफू-आफू लागीपर्नु बुद्धिमानी हुन्छ । देशको स्रोत, स्वास्थ्य सेवाको उपलब्धता र पहुँचलाई दृष्टिगत गरी रोग लाग्नै नदिने अवस्था निर्माण गर्न हामी सबैले आ-आफ्नो ठाउँबाट अग्रसरता देखाउनैपर्छ । मानवनिर्मित यस्ता संकटहरु मानवकै सचेतताले कम गर्दै लान सकिन्छ, यसतर्फ चनाखो होऔं ।**

# 'मिथकीय ऐनामा सिरुवालाई नियाल्दा'



पवनकुमार राजवंशी

'नेपाल चार वर्ण छत्तीस जातको फूलबारी हो' पृथ्वीनारायण शाहद्वारा अभिव्यक्त विचार नेपालमा बसोबास गर्ने विभिन्न जातीय स्वरुपलाई हेर्दा सार्थक छ। एक अनुभवी राजनेता एवम् द्रष्टाद्वारा व्यक्त गरिएको उक्त सारगर्भित अभिमत नेपालको उत्तरी पहाडी वा हिमाली क्षेत्रमात्र नभएर दक्षिणी भू-भागको लागि पनि उत्तिकै अर्थपूर्ण रहेको छ। विभिन्न भाषा, जाति तथा परिधान, चाड-पर्व एवम् गोष्टीगत आचार व्यवहारले नेपालको तराई भू-भाग संसार कै एक रमणीय क्षेत्रका रुपमा परिचित छ।

नेपालको पूर्वी क्षेत्रमा बसोबास गर्दै आएका रैथाने विभिन्न जाति उपजातिहरु मध्ये राजवंशी एक प्रमुख जाति हो। मुख्यतः नेपालको पूर्वी तराईको झापा, मोरङ र छिटपुट रुपमा सुनसरी जिल्लामा बसोबास गर्ने राजवंशी जाति भाषिक दृष्टिले नेपालको भू-खण्डभन्दा भारतको उत्तरबङ्गीय दार्जिलिङ्ग र भुटानको दक्षिणी भू-भागसँग जोडिएको क्षेत्रमा बसोबास गर्ने मूल जनगोष्ठीसँग निकट रहेको पाइन्छ। पूर्वी नेपालको कोशी नदीलाई आफ्नो बसोबास क्षेत्रको पश्चिमी सीमान्त रेखा जस्तो मानेर पूर्वतर्फ विस्तारित राजवंशी बसोबास क्षेत्र भारतको विहार प्रान्त अन्तर्गत पूर्णिया, कटिहार, मुङ्गेर र बंगाल राज्यको समस्त उत्तरी भू-भाग र बंगलादेशमा लाखौंको संख्यामा बसोबास भएका राजवंशी जातिले बृहत्तर सांस्कृतिक रुपमा नयाँ वर्षको उपलक्ष्यमा तीन दिनसम्म मनाउने उत्सव वा पर्वको नाम हो- सिरुवा वा विशुवा।

सिरुवाको भावार्थ हो- मूल, जेठो वा शीर। मूल, जेठो वा शीर यी तीनै वटा शब्दलाई सम्बोधन गर्छ राजवंशी 'शीह्र' शब्दले। शीह्र वा शीर (मूल) पर्व भएकोले शीह्रबाट सिरुवा भएको राजवंशी समुदायका अग्रजहरुको मान्यता छ। सिरुवाको पहिलो दिनलाई अर्थात् सम्पूर्ण राजवंशी समुदायले मानिआएको भाष्कर सम्वत् अनुसार सालको अन्तिम दिनलाई विशुवा भन्ने प्रचलन छ। विक्रम सम्वत् र भाष्कर सम्वत्मा दिनगन्तीका हिसाबले एकदिनको अन्तर छ। जस्तैः भाष्कर सम्वत् अनुसार सालको अन्तिम दिनमा विशुवा भन्ने प्रचलन छ। विक्रम सम्वत् अनुसार सालको पहिलो दिनमा विशुवा पर्दछ। विशुवा शब्दसँग ऐतिहासिक तथ्य जोडिएको छ। यस प्रसंगलाई क्रमागत रुपमा उठाउने नै छु। भाष्कर सम्वत् अनुसार वर्षको अन्तिम दिन वा विक्रम सम्वत् अनुसार नयाँ वर्षको पहिलो दिनलाई विशुवा अर्थात् जलसामा, जलसिरुवा भनिन्छ। दोस्रो दिनलाई कारसिरुवा र तेस्रो दिनलाई रंग सिरुवा भनिन्छ। जलसिरुवाका दिन जल खेल्ने, कादसिरुवाका दिन काद ( हिलो) खेल्ने र अन्तिम दिन रंग खेल्दै पर्वलाई विसर्जन गरिन्छ। राजवंशी समुदायको शीह्र पर्व सिरुवाको मिथकीय स्वरुपलाई नियाल्दा होलीसँगै सिरुवाको लीला शुरु हुन्छ।

**कथा यस्तो छ :**

एकदिनको कुरा हो, पार्वतीजीले शिवजीलाई मञ्चभूमि आहार-विहार गर्ने इच्छा व्यक्त गर्छिन्। पार्वतीजी कै इच्छा अनुसार दुबै मानवरुप धारण गरी मञ्चभूमिमा एउटा सानो कुटी बनाइ जोगी-जोगिनीको भेषमा गाउँ डुल्दै रमाउन लागे। पार्वतीजीलाई जोगिनीको भेषमा मानवबस्तीको हरेक आँगन टेक्दै गाउँ-गाउँ डुल्नु र मानवको दैनिकीमा पर्ने हरेक नयाँ-नयाँ क्रियाकलापलाई नियाल्ने कुरा केही दिन त रमाइलो भयो, तर सधैँको एकनासे दैनिकीबाट पार्वतीजी आजित भइन्। र, अब कैलाश फिरौं भनेर शिवजीलाई अनुरोध गर्न लागिन्। शिवजी मुसुक्क हाँसे र भने- प्रिये ! हामी यहाँ आउनुको प्रयोजन के त ? यस लोकमा आइसकेपछि यसलोकले सदासर्वदा सम्झिरहने एउटा लीला त गर्नेपर्ने हुन्छ, त्यसैले केही दिन अझै बसौं। कैलाशको शितल ठाउँमा बसेकी सुकुमारी पार्वतीलाई यस्तो टन्टलापुर घाममा जोगिनीको भेषमा गाउँ-गाउँ डुल्नु मुस्किल त थियो नै अझ शिवजीको मन्दमुस्कानसहितको केही दिन बस्ने कुराले, जिस्किए झैं लाग्यो र रिसाउँदै भनिन्- 'परेन कसैले सम्झनु, गर्दिनँ म कुनै लीला। म आजै कैलाश फर्कन्छु।'

पार्वतीजी कैलाश हिँडिसकेपछि शिवजी धेरै कुराले



स्वतन्त्र भए। चिलिममा गाँजा भऱ्यो, खायो र मात्यो। मातिसकेपछि सल्किरहेकै चिलिमलाई कुनामा हुत्यायो, शरीरका लुगाहरु खोली पूर्णिमाको पूर्णचन्द्रलाई बाहिर आएर नियाल्न थाल्यो। नियाल्दा-नियाल्दै ध्यानमग्न भयो। उता कुटीभित्र चिलिमको आगोले बिस्तारै कुटीभित्रका लुटा-फाटा, झोली-तुम्बा सबै जलाउँदै कुटी पनि जल्यो। जब शिवजीको ध्यान भङ्ग भयो, लुगाफाटासहित सबै जलेर खरानी भएको देख्दा शिवजीलाई विस्मत भयो। शरीरमा लगाउने लुगाको नाममा लंगौटी समेत रहेन। के गर्ने ? के लगाउने ? सोच्दासोच्दै बिहान भयो। तत्वदर्शी शिवजीलाई भौतिक कुराले छुने कुरै भएन र यसैलाई लीलाको रुप दिन सकिन्छ भनेर कुटी जलेर रहेको खरानीलाई शरीरभरि दलेर नाङ्गा जोगीको भेषमा गाउँ-गाउँ डुल्न लागे। यो भयो डोल पावती (होली)सँग जोडिएको मिथक। डोल पार्वती अर्थात् होलीमा मिथकसँग मिल्ने डोल ठाकुरको पूजामा एउटा विधि छ- भेलार घर जलाउने। केराको थाम, बाँसका भाटा र रंगीन कागजको सहायताले भेलार घर बनाउँछन् र पूजा सकिएपछि जलाउँछन्। हिन्दूशास्त्रमा होलीका दहन गरेकै समयमा यो विधि गरिन्छ, तर यो विधिलाई होलीका दहन नभनेर शिवजीको कुटी जलेको प्रसंग जोडिन्छ। बोलीचालीको भाषामा 'भेलार घर' भनिए पनि 'भोलार घर' नै अपभ्रंश भएर 'भेलार घर' भएको अनुमान गर्न सकिन्छ।

भेलार घर जलाइएको भोलिपल्ट (कलर डायगन)केराको दाम्चाहरुलाई भाटाले उनेर एक-डेढ फुट जतिको वर्गाकार आकारमा डोली तयार गरिन्छ। डोलीलाई रंगीन कागजले झिलिमिली पारिन्छ। डोलीमा पूजा विधि अनुसार पाकेको केराको एउटा काइँयो, पूजाको कपडा, पान-सुपारी, पैसा राखेर पूजा गरिन्छ र डोली उठाएसरी दुई भाइले काँधमा उठाइन्छ। शिवजीको कुटीको खरानीको प्रतीकको रुपमा एक-अर्कालाई अबिर लगाइ दिँदै, रमाइलो गर्दै, बाजागाजाका साथ नाङ्गा शिवजीलाई खुसी तुल्याउन अश्लील भजन गाउँदै गाउँ-गाउँ डुल्दै, दक्षिणा संकलन गर्दै साँझमा पूजा विसर्जन गरिन्छ। यो संस्कार र एक-डेढ दशक अगाडिसम्म रहे पनि अहिले लोप भइसकेको छ। अहिले यदाकदा भाकल रहे वा गरेमात्र यस्तो प्रथा देख्न सकिने समाजका अग्रजहरुको मुखबाट सुनिएको छ। मैले शुरुमै भनेको छु- सिरुवाको मिथक होलीबाट जोडिएर सिरुवामा सकिन्छ। होलीमा पुरुषहरुको सहभागिता देखिए झैं सिरुवामा महिलाहरुको सहभागिता बढी देखिन्छ। सिरुवाको १५ दिन अगाडिदेखि नै महिलाहरुको चहलपहल शुरु हुन्छ। साँझको खानापछि पाइकपर्ने ठाउँमा सबै जम्मा हुन्छन्, घाटोसरीको गीत सिक्ने-सिकाउने गरिन्छ। जस्तैः हिन्दूर घरेरे यई चारी व्यभारगे...लैखनी सरसती गे यइठिन माङ्गेवासा रहगे...सान्ज हइले गे सानवात्ती जुराइमुगे...वाहाने उठिया छेर-छानगे लैखनी-सरसती गे यइठिन माङ्गे वासा रहगे...।' सिक्ने प्रक्रिया सिरुवा पात्नीसम्म जारी रहन्छ। यसले सिरुवा नजिकियो है भनेर एक किसिमको सन्देश प्रवाह गर्छ।

होलीमा शिवजी कुटी जलाएर, कुटीको खरानी दलेर नाङ्गैभुतुङ्गै गाउँ छिर्छन्, उता कैलाशमा पार्वती, शिवजीको बाटो हेर्दाहेर्दै थाक्छिन् र शिवजीको खोजीमा पुनः मञ्चभूमि मै आउँछिन्। कुटी नियाल्छिन्। कुटीको ठाउँमा खरानी बाहेक केही नदेखेपछि आत्तिन्छिन् र सखा-संगिनी लखी (लक्ष्मी) र सरस्वतीलाई गुहार्छिन्। आफ्ना पतिदेव शिवजी मञ्चभूमिमा हराएको कुरा राख्छिन् र सबै मिलेर शिवजीलाई खोज्दै गाउँ-गाउँ डुल्छन्। यता मिथकसँग मेल खाने संस्कार राजवंशी समुदायमा शुरु हुन्छ। सिरुवाको हप्तादिन अगाडिदेखि साजीगिदीहरु गाउँदै गाउँ-गाउँ डुल्ने विधि शुरु हुन्छ। साजी (पार्वती रुप) सबैको कुलमा हुँदैन। जसले साजी पुज्ने गर्छन्, उनीहरुले छर-छिमेक वा आफन्त महिलाहरुलाई बोलाउँछन्। साजीको प्रतीक वा प्रतिमा स्थापित गर्छन्। नयाँ बेत, बाँसको सानो टोकरी, टोकरीमा प्रसादी सामग्री, पान-सुपारी, दुवो राखी नयाँ रातो पूजा कपडाले टोकरीमा छोप्छन्। टोकरीलाई छाता ओढाउँछन्। एकलोटा जल चढाई घरमुलीपछि क्रमशः अरुले ढोग्छन्। छाता, लोटा र टोकरीलाई घरमुली महिलाले काखमा राख्छन् र गाउँदै गाउँतिर निस्कन्छन्। गाउँमा कुनै घर छुटाउनु हुँदैन।

अर्को चाखलाग्दो कुरा के छ भने त्यो साजी समूह छिर्नु अगाडि जुन घरमा छिर्छन् त्यो घरले आँगनको मध्यभागमा लिप्नुपर्छ र एउटा पीरा धोई-पखाली राखिदिनुपर्छ। अबेर भएमा दोष लाग्ने मान्यता छ। साजीगीदीहरु टोकरी पिरामा राख्छन् र छाता ओडाइदिन्छन्। जसको आँगनमा आएका छन् त्यस घरको मुलीले चामल, दुबो र थोरै तेल अनि दक्षिणा राखेर जल चढाउँछन्। गाउँदै, डुल्दै हिँड्ने काम सिरुवाको पूर्व सन्ध्यामा आएर स्थगित हुन्छ र कादसिरुवाको दिन बेलुका पुनः पूजा आराधनापछि घाटमा लगेर विसर्जन गर्छन्। कादसिरुवाका दिन राजवंशी समुदायको हरेक घरबाट घाटोसरी (काँचो माटोको सानो लोटा आकारको प्रतीमा)लाई प्रसादी चढाइ घाट लगेर विसर्जन गर्ने चलन छ। यसको प्रचलित नाम नै घाटोसरी (घाटको ईश्वरी) हो।

मिथकमा पार्वती आफ्ना संगिनीहरुलाई लिएर मानव भेषमा गाउँदै शिवजीलाई खोज्दै गाउँ-गाउँ डुल्छन्, तर शिवजीलाई भेट्टाउँदैनन्। थकित पार्वतीको समूह स्नानका लागि जब नदीघाटमा पुग्छ त्यहाँ पुरै शरीर हिलोले लिपेर नचिनिने अवस्थामा शिवजीलाई देख्छन्। आफ्नो पतिदेव जुन अवस्थामा रहे पनि पार्वतीले चिन्छिन्। हिलो शरीरैभरि लिपेर बसेका शिवजीलाई देखेर सखी-संगिनीहरुले पार्वतीलाई गिज्याउँछन्। गिज्याएको सहन नसकेपछि पार्वतीले पनि घाटकै हिलो संगिनीहरुलाई छेप्छिन्। एकअर्कामा हिलो छ्यापाछ्याप हुन्छ। यसै मिथकीय प्रसंगलाई सम्मान गर्दै परापूर्वकालदेखि कादसिरुवा (हिलो) खेल्दै आएको संस्कारगत नियम अझै कायम छ। अर्को अर्थमा राजवंशी समुदाय विशुद्ध कृषि पेशा मै आश्रित रहेकाले, माटोमै हुर्कने, खेल्ने र माटोमै रमाउने अर्थात् माटोसँगको यो समुदायको सम्बन्धलाई सम्मान गर्ने हो भने माटोको मान्छे वा भूमिपुत्रभन्दा अन्यथा हुँदैन। अब रह्यो रंगसिरुवाको कुरा। लामो समयपछि शिव र पार्वतीको मिलन हुन्छ। मिलनपछि दुबै पक्षको हर्षको सीमा हुँदैन। मिलन विन्दुलाई अविस्मरणीय बनाउनका लागि त्यो पललाई रंग बर्षाउँछन्, स्वर्गलोकबाट पनि पुष्पगुच्छा र अविर रंगको वर्षा हुन्छ। सिरुवाको अन्तिम दिन ठाउँ-ठाउँमा सिरुवा मेलाहरु लाग्छन्, नाचगान हुन्छ। युवा-युवतीहरु रंग खेल्छन् भने विवाहित महिला पुरुषहरु रंग सँगै कासा (वुकुवा)खेल्दै रमाउँछन् र मेला बजार भर्छन्।

लेखनको शुरुमा मैले विशुवाको कुरा उठाएको थिएँ। कतिपय राजवंशी समुदायका जानकारहरुले 'विशुवा' शब्दलाई इतिहाससँग जोडेका छन्। राजवंशी समुदायको पूर्व पुरुषको नाम हो हरिदास वा हरिया मण्डल। हरिया मण्डलका दुई भाइ छोरो-विशु र शिशुले भुँइयाहरुको सहयोगले राज्य बिस्तार गरे। बिस्तारपछि हिन्दूधर्म ग्रहण गरे र आफूलाई कामतेश्वरी उपाधिसहित कामतापुरको राजा घोषणा गरे। यो कार्य नयाँ सालमा नै भएकोले नयाँ सालको तीन दिन राष्ट्रिय पर्व घोषणा गरेदेखि यो पर्वको शुरुवात भएको जानकारहरु बताउँछन्।

सिरुवाको मिथकीय वा ऐतिहासिक सम्बन्ध जे-जस्तो रहे पनि यो पर्वलाई राजवंशी समुदायले परा पूर्वकालदेखि मूल वा शीह् (शीर) पर्वको रुपमा अहिले पनि भव्यताका साथ तीन दिनसम्म मनाउँदै आएको कुरा सर्वविदितै छ। यसले राष्ट्रिय संस्कृतिको रुप लिइसकेता पनि राष्ट्रले सिरुवालाई राष्ट्रिय पर्वको रुपमा ग्रहण गर्न नसक्नु दुर्भाग्य हो। जुनसुकै जाति, समाजका वा राष्ट्रको संस्कृति निर्माण हुन समयको अन्तरालले प्रभावित पार्दछ। वर्षौंदेखि सृजना हुँदै आएको नेपाली संस्कृतिको विनास हुँदै गएको क्रमलाई राज्यले समयमा नै रोकथाम गर्नु नितान्त आवश्यक देखिन्छ। भनिन्छ, नि कुनै जाति वा समाजको विनाश गर्नु छ भने त्यसको संस्कृतिको विनास गरे पुग्छ। त्यसैले हामीले देशको सांस्कृतिक गौरवलाई बचाइ राख्न सबै नेपालीहरुको होस्टेमा हैंसे हुनैपर्छ। यसतर्फ सम्बद्ध निकाय, संस्था, राज्य र समाजका अगुवाहरुको ध्यान आकृष्ट हुनैपर्छ। नयाँ शुरु हुन लागेको विक्रम सम्वत् अनुसारको २०७८ साल सबैको लागि सुखमय बनोस्, सिरुवाले सबैको रोगव्याध हरोस्, सिरुवाको उपलक्ष्यमा सबैमा मेरो हार्दिक शुभकामना।

# अस्थिर राजनीतिको जड




उदय मैनाली

नेपालको संवेदनशील भूराजनीतिक स्थिति यहाँको अस्थिरताको मुख्य कारण रहेको भन्ने विषयमा प्रशस्तै चर्चाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्याति प्राप्त विद्वान्हरूले गरिसकेका छन्। निरन्तर अस्थिरताले आक्रान्त नेपालमा स्थायित्व नआउनुको कारण आन्तरिक राजनीतिक शक्तिबीचको स्वार्थ द्वन्द्व पनि हो। यस्तै द्वन्द्वले नेपालले आफ्नो लागि आवश्यक राजनीतिक स्थायित्व आर्थिक र संवैधानिक स्थायित्व प्राप्त गर्न नसकिरहेको यथार्थ हो।

कानूनीसँगै वैधानिक रूपमा पनि अधिकतम् समूहले स्वीकार्य हुने वातावरण निर्माण गर्नुपर्ने राजनीतिक नेतृत्व असफलतातिर उन्मुख भएको छ। वैधानिकता प्राप्त हुन सक्यो भने लिखित संविधान पनि आवश्यक पर्दैन भन्ने उदाहरण प्रजातन्त्रको जननी मानिने बेलायत र इजरायलले पुष्टि गरेका छन्। वैधानिक रूपमा निरन्तर संविधानहरूलाई चुनौति दिँदै जाने हो भने लिखित संविधानहरूले पनि कुनै अर्थ राख्दैनन् भन्ने गतिलो उदाहरण नेपाल र थाइल्याण्ड हुन्। नेपालसँग विश्वकै उत्कृष्ट मानिएका छ वटा लिखित संविधानहरू च्यातिएको अनुभव छ भने थाइल्याण्डमा झन्डै दुई दर्जन लिखित संविधान फेरबदल भइसकेका छन्।

नेपालको सन्दर्भमा पनि अदृश्य शक्तिले राजनीतिक उथलपुथल र सत्ता परिवर्तन निर्णायक रहेको सञ्चारमाध्यमले यथेष्ट जानकारी गराइसकेका छन्। चाणक्य, म्याकेभेली र शेक्सपीयरले उल्लेख गरेका अदृश्य शक्तिहरूका स्वरूप र तिनको कार्यशैली बदलिए पनि तिनको भूमिकामा भने कमी नआएको तीतो यथार्थ छ। स्वभावतः राजनीति एउटा षड्यन्त्र हो। संवैधानिक एवम् वैधानिकरूपमा लिपिबद्ध हुँदा यसको चरित्र सभ्य हुन्छ, तर राजनीति सभ्य भएर परिवर्तन हुँदा पनि अदृश्य शक्तिको रूपमा राजनीतिमा के-कस्तो प्रभाव पर्छ भन्ने कुरा संयुक्त राज्य अमेरिका जस्तो शक्तिशाली राष्ट्रको राष्ट्रपतीय निर्वाचन परिणाम प्रभाव पार्न रूसले खेलेको भूमिकाको विषय र विवाद उल्लेखनीय छ।

नेपालको सन्दर्भमा पनि यस्ता हस्तक्षेप र प्रभाव भएका घटनाबारे बेला-बेलामा राजनीतिक नेताहरूबाटै टीका-टिप्पणी भएका छन्। विशेषगरी सत्ता बाहिर रहँदा नेपालका नेताहरूले दिनहुँजसो अदृश्य शक्तिविरुद्ध बोल्दै आएका छन्। भारतका पूर्व कुटनीतिज्ञहरू, सुरक्षा अधिकारीहरू र विज्ञहरूले लिखित रूपमा नै नेपालमा हुने राजनीतिक परिवर्तनमा निर्णायक भूमिका रहेको पुष्टि हुने लेख र टिप्पणी गर्दै आएको सन्दर्भ उल्लेखनीय छ।



दृश्य र अदृश्य शक्तिहरूको खेलमा नेपालका राजनीतिक पात्रहरू विशेषगरी मधेसकेन्द्रित दलहरूको गतिविधि द्विविधाजनक छ। संविधान जारी गर्दा त्यसको वैधानिकताविरुद्ध आन्दोलन तर त्यही संविधानमार्फत भएको प्रधानमन्त्री चुनावमा सहभागी हुनु विरोधाभाषपूर्ण हो। यो संविधान वर्तमान नेपालको एकीकरणदेखि नै निरन्तररूपमा देशको धार्मिक, सांस्कृतिक र भौगोलिक रूपमा वैधानिकता प्राप्त राजसंस्था अलग्याएर नेपालको दक्षिणी छिमेकी र पश्चिमी राष्ट्रहरू, संयुक्त राष्ट्रसंघ जस्ता संस्थाको समर्थनमा नेपालको २०६२ को जनआन्दोलनलाई वैधानिकता दिन जारी भएको हो।

जर्मन समाजशास्त्री म्याक्स वेबर भन्छन्- वैधानिकता भनेको अधिकतम् समूहहरूको सहभागिता हो। यस अर्थमा संविधानले सबै समूह र शक्तिलाई समाहित गर्नुपर्छ। हार्डवर्ड विश्वविद्यालयका प्राध्यापक थोमान एन फ्लांकाले प्रजातन्त्र र कानूनी राजसँगै संविधानले वैधानिकता प्राप्त गर्नुपर्ने विचार राख्छन्। तर, नेपालको अहिलेको संविधानले पुनः वैधानिकताको चुनौतिको सामना गर्नुपर्नेछ। हेराल्ड लास्कीले ग्रामर अफ पोलिटिक्समा पनि कानूनलाई वैधानिकता दिन नसकेमा त्यसले संकट गर्न सक्ने ठहर गरेका छन्।

यहाँ भुल्न नहुने कुरा के छ भने नेपालको आन्तरिक राजनीतिमा रणबहादुर शाहको समयदेखि नै एउटा समूहलाई राजनीतिक मूल प्रवाहबाट बाहिर राखिँदै आएको छ। अहिले पनि त्यसैको निरन्तरता नेपालको आन्तरिक राजनीतिमा छ। देशबाट भगाइएका रणबहादुर शाह कालान्तरमा नेपालको राजनीतिमा स्थापित भए। त्यसपछि माओवादीसम्मका समूहले त्यसैको निरन्तरता स्वरूपमा रहे। अहिले पनि बिग्रहमुक्त अवस्थामा पुगेका राजनीतिमा सानै रूपमा भए पनि प्रभावकारी शक्तिहरूलाई बाहिर पुऱ्याइएको छ। सत्ताकेन्द्रित तीन दलले यी समूहसँग सत्ता र शक्तिको बाँडफाँटमा अधिकतम् लचकता स्वीकार्य नगर्दा नेपालले स्थायित्व गुमाउने सम्भावना छ। सत्ता, शक्ति, कानून, संविधान र वैधानिकताले राजनीति मात्र द्विविधामा छैन कि यसका पात्रहरू पनि द्विविधामा छन्। यो नै राजनीतिक संकटको कारण पनि हो।

# जलेश्वर सामुदायिक सिकाई केन्द्रको नवौं सभा

**अर्जुनधारा, चैत ३०।** अर्जुनधारा-८ स्थित जलेश्वर सामुदायिक सिकाइ केन्द्रको नवौं वार्षिक साधारणसभा सम्पन्न भएको छ। केन्द्रकी अध्यक्ष पूनम सुवेदीको अध्यक्षता र वडाध्यक्ष गोपीचन्द्र गौतमको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष देवकला प्रसाईंले व्यक्त गरेकी थिइन्।

कार्यक्रममा अध्यक्ष सुवेदीले केन्द्रको वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष एवम् केन्द्रकी सहजकर्ता निशा गौतमले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रस्तुत प्रतिवेदनमा उल्लेख भएको भावी योजनाहरुमा फोहोरलाई मोहरमा बदल्ने अभियान अन्तर्गत घर र कार्यालयमा प्रयोग गर्न सकिने सामग्री उत्पादन गर्ने कार्यलाई निरन्तरता दिने, शिक्षाबाट वञ्चित भएका स्थानमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, प्लाष्टिक झोलाको न्यूनीकरण गर्न कपडा र कागजको झोला तयार गर्ने रहेका छन्।

त्यसैगरी अन्य योजनाहरुमा विभिन्न स्थानमा सचेतनामूलक होर्डिङबोर्डहरु राख्ने, विद्यालयहरुमा व्यवहारिक र सीपमूलक शिक्षालाई जोड दिनका लागि पेपर कटिङ र आर्ट प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गर्ने, कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरुलाई अभिभावकसहित सामाजिक सञ्जाल दुरुप्रयोगले निम्त्याउन सक्ने समस्या लगायतका विषयमा तालिम सञ्चालन गर्ने लगायत रहेको छ।

त्यस्तै केन्द्रले गत आर्थिक वर्ष २०७६/०७७ मा तीन लाख १४ हजार छ सय ४६ रुपैयाँ बराबरको आर्थिक कारोबार गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। सो आर्थिक वर्षको जम्मा आम्दानी दुई लाख ९५ हजार पाँच सय रुपैयाँ रहेको थियो। नगर शिक्षा, युवा तथा खेलकुद विकास शाखाकी प्रतिनिधि समिरा दाहाल, सोलीडारीटी फर डेभलपमेन्ट प्रदेश नं. १ की सदस्य अरुणा चौधरी लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रमको सञ्चालन सहजकर्ता गौतमले गरेकी थिइन्।


## मार्कटको सटर भाडामा

झापाको बिर्ताबजारस्थित मिरा कम्प्लेसका केही सटरहरु खाली रहेकोले व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्ति वा फर्महरुले सम्पर्क गर्नुहोला।

सम्पर्क : ९८१४०२७४६१/९८४२६५४६३८

## पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।

*सम्पर्क : ९८१४९६३४८८*

## कृतज्ञतासहित हार्दिक निमन्त्रणा

हाम्रा प्रातः स्मरणीय श्रीमान्, बुवा, हजुरबुवा **युवराज खतिवडा**को मिति २०७७ चैत २० गते ७५ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएकोले भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

दुःखको यस घडीमा हामीप्रति सहानुभूति एवम् समवेदना व्यक्त गर्नुहुने विभिन्न राजनीतिक दल, संघ-संस्था, छरछिमेक, आफन्तजन, कुलकुटुम्ब, बुद्धिजीवी, मलामीजन तथा सम्पूर्ण शुभेच्छुक महानुभावहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। साथै यही २०७८ बैशाख १ गते बुधबार १३औं दिनको शुद्धिशान्ति कार्यमा उपस्थित भइ दिनुहुन सम्पूर्णमा हार्दिक निमन्त्रणा गर्दछौं।



स्व. युवराज खतिवडा
जन्म: २००२ भाद्र ३ गते
निधन: २०७७ चैत २० गते

**श्रीमती : गंगादेवी खतिवडा**

**छोरा-बुहारीहरु :**
**हरि-गंगा खतिवडा**
**टेकनाथ-समीक्षा खतिवडा**

**छोरी-ज्वाइँहरु :**
**उमा-नरेन्द्र थापा**
**हुमा दाहाल**
**पुष्पा-निलकण्ठ बराल**
**मनिता-पुष्कर घिताल**

**नातिहरु : दिपीन, दिपेश, सन्देश, दिब्सन, निकसन र आर्यान**
**नातिनीहरु : मञ्जु, अन्जु, पुनम, पूजा, प्रज्ञा, प्रेक्षा, प्रनिषा, प्रतुषा, आयुषा र आर्या**

एवम् **सम्पूर्ण खतिवडा परिवार**
अर्जुनधारा-४, झापा

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**


## मस्यौदा रेडियो जिङ्गल/माइकिंग/पत्रपत्रिका सन्देश
## घटना दर्ता अभियान सम्बन्धी बिर्तामोड नगरपालिकाको
## अन्यन्त जरुरी सूचना

*व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं।*

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा बिर्तामोड नगरपालिकाबाट मिति २०७८ साल बैशाख १ देखि १६ गतेसम्म घटना दर्ता अभियान सञ्चालन हुने भएकोले व्यक्तिगत घटना दर्ता एवम् सामाजिक सुरक्षा भत्ताका लागि निवेदन दिन बाँकी भएका नागरिकहरुले आफ्नो वडा कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुनका साथै जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाई सराई जस्ता व्यक्तिगत घटना अनिवार्य रुपमा दर्ता गरौं/गराऔं। राष्ट्रियव्यापी रुपमा भइरहेको घटना दर्ता अभियान सफल पारौं।

*'घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो।'*

नभुल्नुहोस् है,
घटना दर्ता अभियान,
आगामी बैशाख १ गतेदेखि १६ गतेसम्म, तपाईको आफ्नै वडामा।
व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं।
थप जानकारी आवश्यक भएमा बिर्तामोड नगरपालिकामा सम्पर्क गर्नुहोला।
बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

**- शाखा अधिकृत**


## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## भावपूर्ण श्रद्धाञ्जलि/समवेदना

'भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो'

जन्म
वि.सं. २००४/०९/२७



स्वर्गारोहण
वि.सं. २०७७/१२/२२

**स्व.पूष्पामाया बुढाथोकी**

हाम्री जेठानी/ठूलो आमा/हजुरआमा/**पूष्पामाया बुढाथोकी**को गत चैत २२ गते आइतबार ७३ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामीलाई अत्यन्त शोक विह्वल र मर्माहत तुल्याएको छ। जेठानी/ठूलो आमा/हजुरआमा वियोगको यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित आज १०औं दिनको पूण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै शोकाकुल परिवारजनहरु छोराबुहारी गोविन्द+पारु, छोरीज्वाईंहरु शान्ता संग्रौला, गीता खड्का, कुमारी+राजकुमार कटुवाल, उमा बुढाथोकी, इन्दिरा+जीवन शिवाकोटी, नातिहरु समिर, सुवास, निरज, आरोष, नातिनीहरु सिर्जना, जमुना, लक्ष्मी, दिपा, मनिषा र आरोध्या, पनातिहरु साधिक र साध्विक, पनातिनीहरु आहना र रिहानामा अर्जुनधारा जलेश्वर धामले धौर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भन्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं।

देउरानी: **मनमाया बुढाथोकी**

भतिज+भतिजी बुहारी
**पूर्ण+सरस्वती बुढाथोकी**

भतिज+भतिजी बुहारी
**श्री+शारदा बुढाथोकी**

नातिहरु: **दिवस र रकदेभ**
नातिनी: **आशिका**

एवम् **समस्त बुढाथोकी परिवार**
अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा)

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला



| हल ए<br>नेपाली चलचित्र : **श्री** | हल ए<br>हिन्दी चलचित्र : **ON Body** |
|---|---|
| पहिलो शो ११:४५<br>दोस्रो शो २:४५<br>तेस्रो शो ६:४५ | पहिलो शो ११:४५<br>दोस्रो शो २:४५<br>तेस्रो शो ६:३० |

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
(फोन नं. ०२३-५४६४३६)

## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

**अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),**
**बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक हार्डवेयर पसललाई निम्न अनुसार कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पद : सेल्समेन
(पसलमा बसेर सामान बेच्नु पर्ने)
*हार्डवेयर सम्बन्धी सामानहरुको ज्ञान भएको*

सम्पर्कः ९८२५९४७२७७

## हार्दिक निमन्त्रणा

यस वर्ष २०७७ चैत्र २९ गतेदेखि भव्यरुपमा संगीतमय शिव महापुराण, नवाह ज्ञान महायज्ञ सम्पन्न गर्ने कार्यक्रम रहेको हुँदा यस शक्तिपीठमा दर्शन गरी प्रमुख वाचक आ. होमनाथ खनालज्यू तथा उपवाचक कृष्ण चापागाईंको मुखराविन्दबाट कथा वाचन हुने हुँदा कथा श्रवण गरी राधाकृष्ण मन्दिर निर्माण, अक्षयकोष स्थापना, धान्याचल दान भूमिदान मन्दिरको बृहत्तर विकासको लागि अमूल्य सर-सहयोग तथा सुझावहरुको लागि मन्दिर समिति सबै धर्मप्रेमी महानुभावहरुमा हार्दिक आमन्त्रण गर्दछौं।

**दैनिक कार्यक्रमः**
- प्रत्येक दिन बिहान ७:०० बजेदेखि ८:३० बजेसम्म भण्डप पूजा
- ९:०० बजेदेखि पाठ कथा आरम्भ १२ बजे विश्राम,
- १:०० बजेदेखि ४:०० बजेसम्म पाठ कथा
- बेलुका ७:०० बजेदेखि ९:०० बजेसम्म माहात्म्य भजन, कीर्तन ज्ञानमञ्च।
- २०७८/०१/०७ गते साझ लक्ष्यवर्तीका (लाखवाती बाल्ने)
- २०७६/०१/०८ गते कथा समापन, व्रतबन्ध, हवन, तिलकपाती प्रसाद वितरण।

*व्रतबन्ध गर्ने/गराउने परिवारले मन्दिर समितिमा नाम दर्ता गराउनु होला।*

आयोजक | **श्री विन्ध्यावासिनी सिंहदेवी मन्दिर**
अर्जुनधारा नपा-४, भाङ्गबारी (झापा)




**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पहिलेको कमजोरी सार्वजनिक हुनाले प्रतिष्ठामा केही बाधा पर्न सक्छ। सामान्य विवादमा परिए पनि विशेष जिम्मेवारी हातलागी हुने समय छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पुरुषार्थी काम गर्दै लाभ उठाउन सकिनेछ। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला। मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** कर्मयोगद्वारा जीवनशैलीमा सुधार ल्याउन सफल भइनेछ। विशेष अवसरले दैनिकीमा परिवर्तन आउनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अरूका काममा केही समय बित्नेछ तापनि मिहिनेत गर्दा चिताएको काम बनाउन सकिनेछ। नयाँ काम प्रारम्भ हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आम्दानी पनि बढ्नेछ। उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ। अध्यात्मभाव जागृत हुनुका साथै परोपकारी काममा प्रवृत्त भइनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। दौडधुपमै समय बित्नेछ भने आँटेको काम स्थगित हुन सक्छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुने देखि[redacted] अध्ययनमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि [redacted] खर्चनुपर्नेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छ[redacted] हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला। [redacted]

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ। [redacted] मनोरञ्जनमा अलमलिनुपर्दा लक्ष्य प्राप्त गर्न समय ल[redacted]

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक सुविधा बढ्नेछ भने रमाइला क्षणको आनन्द प्राप्त [redacted]थीभाइको आगमनले काममा उत्साह जाग्नेछ।

[redacted]गे, गो, सा, सि, सु, से, सो, द) - [redacted]उँको भ्रमण गर्ने अवसर प्राप्त हुनेछ। [redacted] सम्मान पनि प्राप्त हुनेछ। प्रेम र मित्रताको [redacted]न सक्छ।

[redacted]दु, थ, झ, ञ, दे, दो, च, चि) - [redacted] विवाद हुन सक्छ। कमजोरीले चिन्ता [redacted]क्छ। बाध्यतामा अलमलिनुपर्दा चिताएको [redacted]न सक्छ।

[redacted]